# देवचुली नगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०८०

प्रस्तावना : देवचुली नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयनको लागि स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम देवचुली नगरपालिकाको नगरसभाले यो ऐन जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "देवचुली नगरपालिका आर्थिक ऐन २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि देवचुली नगरपालिका क्षेत्रभित्र लागु हुने छ ।

**२. सम्पत्ति कर** : देवचुली नगरपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम नगरपालिका क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुलउपर गरिने छ । भौतिक संरचनाको मूल्याङ्कन अनुसूची-२ अनुसार, घरको बनोटको आधारमा ह्रासकट्टी अनुसूची-३ र जग्गाको मूल्याङ्कन अनुसूची-४ अनुसार गरिने छ ।

**३. भूमिकर** : देवचुली नगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमी बाहेकमा अनुसूची-५ बमोजिम भूमिकर (मालपोत) लगाई असुलउपर गरिने छ ।

**४. बहाल कर** : देवचुली नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, सेड, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिइएकोमा अनुसूची-६ बमोजिम बहाल कर लगाई असुलउपर गरिने छ ।

**५. व्यवसाय कर** : १ देवचुली नगरपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति संघसंस्था वा निकायलाई व्यवसायिक प्रकृति, आर्थिक कारोवार, स्थान विशेष र लगानीका आधारमा अनुसूची-७ बमोजिम व्यवसाय कर लगाई असुलउपर गरिने छ । त्यसरी व्यवसाय कर असुल गर्दा बैङ्क तथा वित्तीय संस्था र सुपर मार्केटहरुको हकमा प्रत्येक कारोबारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिने छ ।

**६. जडीबुटी कवाडी र जीवजन्तु कर** : देवचुली नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, बनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसूची-८ बमोजिमको कर लगाई असुलउपर गरिने छ । तर प्रचलित कानुनले निषेध गरिएकाको हकमा भने उल्लिखित व्यवस्था लागु हुने छैन ।

**७. सवारी साधन कर** : प्रदेश सरकारले तोकेबमोजिम बाँडफाँडबाट नगरपालिकालाई प्राप्त हुने सवारी साधन करको आम्दानी बाँधिने छ ।

**८. विज्ञापन कर**: देवचुली नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-९ बमोजिमको दरमा विज्ञापन कर लगाई असुलउपर गरिने छ ।

**९. मनोरञ्जन कर** : देवचुली नगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिने छ ।

**१०. बहाल बिटौरी शुल्क** : देवचुली नगरपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा सञ्चालन गरेका वा विशेष मेला पर्वमा अनुसूची-१० मा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असुलउपर गरिने छ ।

**११. सवारी साधन पार्किङ शुल्क** : देवचुली नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची-११ बमोजिम सवारी साधन पार्किङ शुल्क लगाई असुलउपर गरिने छ । साथै पार्किङ व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले देवचुली नगरपालिकाबाट पूर्व-अनुमति लिएको हुनुपर्ने छ ।

**१२. ट्रेकिङ र र्याफ्टिङ शुल्क** : देवचुली नगरपालिका क्षेत्रभित्र ट्रेकिङ र र्याफ्टिङ सेवा वा व्यवसाय सञ्चालन गरेबापत नगरकार्यपालिकाले निर्णय गरे बमोजिम शुल्क लगाई असुलउपर गरिने छ ।

**१३. सेवाशुल्क दस्तुर** : देवचुली नगरपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची-१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएबमोजिम शुल्क लगाई असुलउपर गरिने छ ।

**१४. पर्यटन शुल्क** : देवचुली नगरपालिकाले तोकेको स्थानहरुमा पर्यटक प्रवेश गर्दा राजस्व समितिको सिफारिसमा नगरकार्यपालिकाले तोके बमोजिम शुल्क लगाइने छ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१५. विक्री तथा निकासी शुल्क** :

(१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खा( जजन्य बस्तुहरुको विक्री गर्न सक्ने छ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सीमाक्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्ने छ ।

(३) नगरपालिकाले नगरपालिका क्षेत्रभित्र उत्पादित अन्य जुनसुकै उत्पादित सामानहरु बाह्यक्षेत्रमा विक्री वितरण गर्नकालागि निकासी गरेमा निकासी शुल्क लगाउन सक्ने छ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम नगरपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर अनुसुची -१३ मा तोकिए बमोजिम हुने छ ।

(५) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने बस्तु उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ ।

(६) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्ने छ ।

(७) उपदफा १ बमोजिमका बस्तुहरु विक्री तथा उपदफा २ र ३ बमोजिमका निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउपत्र वा डाँक बढाबढको माध्यमबाट गरिने छ ।

**१६ घरजग्गा रजिष्ट्रेशन शुल्क** : देवचुली नगरपालिका क्षेत्रभित्रका घरजग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रदेश कानुनले तोके बमोजिम हुने छ ।

**१७. नक्सा पास दस्तुर** : नगरपालिका क्षेत्रभित्र निर्माण हुने संरचनाको नक्सा पास गर्दा लाग्ने दस्तुर अनुसुची १४ बमोजिम लगाइने छ ।

**१८. सरसफाई शुल्क** : नगरपालिका क्षेत्रभित्र सरसफाई सेवा दिए वापतको सरसफाई शुल्क अनुसुची **१५ बमोजिम हुनेछ ।**

**१९. कर छुट** : बार्षिक रुपमा तिर्नुपर्ने सम्पत्ति तथा भूमिकर (मालपोत), व्यवसाय कर सोही आर्थिक वर्षको असोज मसान्तभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने करमा दश प्रतिशत छुट दिइने छ ।

**२०. दण्ड जरिवाना** :

(१) सम्पत्ति कर तथा भूमिकर मालपोत व्यवसाय कर र बहाल करमा पहिलो वर्ष १० प्रतिशत र दोश्रो वर्ष बाट २० प्रतिशत जरिवाना सहित बक्यौता असुल गरिने छ । तर चालु आ.व.को असार महिनाको बहाल कर आगामी आ.व.को श्रावण २५ गते सम्म तिर्न आउनेलाई जरिवाना लगाइने छैन ।

(२) नगरपालिकामा दर्ता नभई संचालनमा भएका उद्योग तथा व्यवसायहरुलाई समेत उपदफा (१) बमोजिम जरिवाना असुल उपर गरिने छ ।

(३) नगरकार्यपालिकाले निर्णय भएका अन्य प्रशासनिक दण्ड जरिवाना र जफत सोही निर्णय वा निर्देशिका बमोजिम असुल उपर गरिने छ ।

**२१. विभाज्य कोष सम्बन्धी व्यवस्था** : नगरपालिकाले प्रचलित कानुनबमोजिम संकलन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने प्रकृतिका राजस्वहरु यस कोषमा जम्मा गरी तोकिएबमोजिम बाँडफाँड गरिने छ ।

**२२. प्रचलित कानुन बमोजिम हुने** : यस ऐनमा उल्लेख गरिएका विषयमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा नगरपालिकाको राजस्व ऐन २०८० तथा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**२३. कार्यविधि बनाउन सक्ने** : ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्ने छ ।

**२४. वाधा अड्काउ फुकाउ** : यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा देवचुली नगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहने छ ।

अनुसूची १

| सम्पत्ति करको दर | | | | |
|---|---|---|---|---|
| भवन र जग्गाको मुल्य | जम्मा मूल्य | दर | कर रु | जम्मा रु |
| पहिलो शुरुको रु १ करोडमा | १ करोड | ०.०२५ | २५०० | २५०० |
| त्यसपछिको रू. १ करोडमा | २ करोड | ०.०५ | ५००० | ७५०० |
| त्यसपछिको रू. १ करोडमा | ३ करोड | ०.०७५ | ७५०० | १५००० |
| त्यसपछिको रू. १ करोडमा | ४ करोड | ०.१ | १०००० | २५००० |
| त्यसपछिको रू. १ करोडमा | ५ करोड | ०.१५ | १५००० | ४०००० |
| त्यसपछिको रू. १ करोडमा | ६ करोड | ०.२ | २०००० | ६०००० |
| त्यसपछिको रू. २ करोडमा | ८ करोड | ०.३ | ३०००० | ९०००० |
| त्यसपछिको रु २ करोडमा | १० करोड | ०.४ | ४०००० | १३०००० |
| त्यसपछि जतिसुकै भएपनि | १० करोड भन्दा माथि | ०.५ | | |
| नोट- जग्गाको मुल्याङ्कन मालपोत मुल्याङ्नलाई आधार मानि निर्धारण गरिने छ | | | | |

अनुसुची-२

| भौतिक संरचनाको मुल्याङ्कन रकम | | | |
|---|---|---|---|
| क्र.सं. | भौतिक संरचनाको विवरण | मुल्याङ्कन रकम प्रति वर्गफिट | कैफियत |
| १ | नक्सा पास/अभिलेखीकरण नभएका आर.सि.सी घर | २५०० | |
| २ | नकसा पास/अभिलेखीकरण भएका आर.सि.सी. घर | २००० | |
| ३ | व्यापारिक ट्रस/टहरा | १५०० | |
| ४ | आवासिय ट्रस/टहरा | ५०० | |
| ५ | कच्ची घर इट्टा सिमेन्टको प्रयोग भएको | ५०० | |
| ६ | कच्ची घर ढुङ्गा माटोको प्रयोग भएको | ३०० | |
| ७ | अन्य वर्ग नखुलेका भवन संरचना | १००० | |

## अनूसुची-३

### भौतिक संरचनाको ह्रासकट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि

भवनको बनोट र सोमा कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति अनुसार हने छ । यसको गणना देहायबमोजिम गरिने छ ।

| क्र.सं. | भवनको प्रकार/बनोट | बार्षिक ह्रास | ह्रासकट्टी अवधी |
|---|---|---|---|
| १ | नक्सा पास/अभिलेखीकरण नभएका आर.सि.सी घर | दुइ प्रतिशत | ५० वर्ष |
| २ | नकसा पास/अभिलेखीकरण भएका आर.सि.सी. घर | दुइ प्रतिशत | ५० वर्ष |
| ३ | व्यापारिक ट्रस/टहरा | दुइ प्रतिशत | २५ वर्ष |
| ४ | आवासिय ट्रस/टहरा | दुइ प्रतिशत | २५ वर्ष |
| ५ | कच्ची घर इट्टा सिमेन्टको प्रयोग भएको | दुइ प्रतिशत | २० वर्ष |
| ६ | कच्ची घर ढुङ्गा माटोको प्रयोग भएको | दुइ प्रतिशत | २० वर्ष |
| ७ | अन्य वर्ग नखुलेका भवन संरचना | दुइ प्रतिशत | २० वर्ष |

## अनूसुची-४

### सम्पत्ति कर प्रयोजनका लागि जग्गाको मुल्याङ्कन रकम

| क्र.सं. | विवरण | मुल्याङ्कन रकम प्रतिकठ्ठा |
|---|---|---|
| क | साविक देवचुली गा.वि.स. अन्तर्गतका जग्गा | |
| १ | पिठौली गा.वि.स. अन्तर्गत हाल देवचुली किर्तिपुरको जग्गा | १३५००० |
| २ | मुण्डे जाने पीच बाटोको दायावायाँका जग्गा | १०७०००० |
| ३ | सो बाहेकका अन्य पीच बाटो | ८७५००० |
| ४ | ग्रावेल बाटो | ८००००० |
| ५ | कच्ची बाटो | ४००००० |
| ६ | बाटो नभएको | १७५००० |
| ७ | साविक पिठौली हाल देवचुली मुण्डे बजार क्षेत्र | ८८०००० |
| ख | साविक प्रगतीनगर गा.वि.स उल्लेख भएका जग्गाहरू | |
| | वडा नम्बर १क ख ग २क ख ३क ख ग का जग्गाहरू | |
| १ | राजमार्गमा पर्ने | ४९६०००० |
| २ | राजमार्गलाई छोई उत्तर दक्षिण खोलिएको पिच बाटो | ३१७०००० |
| ३ | दलदले मुण्डे बाटोमा पर्ने जग्गा | २३७०००० |
| ४ | सो बाहेकका अन्य पीच बाटो | १९३६००० |
| ५ | ग्रावेल बाटो | १३६०००० |
| ६ | कच्ची बाटो | ८८०००० |
| ७ | बाटो नभएको | २१०००० |
| ग | वडा नम्बर ४क अन्तर्गतका जग्गा | |
| १ | दलदले मुण्डे बाटोमा पर्ने जग्गा | २३१०००० |

| | | |
|---|---|---|
| २ | सो बाहेकका अन्य पीच बाटो | १९३६००० |
| ३ | ग्रावेल बाटो | १३६०००० |
| ४ | कच्ची बाटो | ८००००० |
| ५ | बाटो नभएको | २१०००० |
| घ | वडा नम्बर ४ख र ४ग अन्तर्गतका जग्गा | |
| १ | पीच बाटो | १२००००० |
| २ | ग्रावेल बाटो | १०२०००० |
| ३ | कच्ची बाटो | ८००००० |
| ४ | बाटो नभएको | २१०००० |
| ङ | वडा नम्बर ५क ख र ६क अन्तर्गतका जग्गा | |
| १ | दलदले मुण्डे बाटोमा पर्ने जग्गा | २३००००० |
| २ | सो बाहेकका अन्य पीच बाटो | १९३६००० |
| ३ | ग्रावेल बाटो | ११५५००० |
| ४ | कच्ची बाटो | ६६५००० |
| ५ | बाटो नभएको | २१०००० |
| च | वडा नम्बर ६ख ७क ख र ८क ख अन्तर्गतका जग्गा | |
| १ | पीच बाटो | १२००००० |
| २ | ग्रावेल बाटो | ९७०००० |
| ३ | कच्ची बाटो | ७१५००० |
| ४ | बाटो नभएको | २१०००० |
| छ | वडा नम्बर ८ग ९क ख र घ अन्तर्गतका जग्गा | |
| १ | पीच बाटो | ६६५००० |
| २ | ग्रावेल बाटो | ५००००० |
| ३ | कच्ची बाटो | ४३५००० |
| ४ | बाटो नभएको | १६०००० |
| ज | वडा नम्बर ९ग अन्तर्गतका जग्गा | |
| १ | मुण्डे जाने पीच बाटोको दायावायाँका जग्गा | २१००००० |
| २ | सो बाहेकका अन्य पीच बाटो | १०५०००० |
| ३ | ग्रावेल बाटो | ७२५००० |
| ४ | कच्ची बाटो | ६४०००० |
| ५ | बाटो नभएको | २१०००० |
| झ | साविक सिसवार उल्लेखित जग्गाहरू | |
| झ | वडा नम्वर १ १क ग ३क ख ४क ख ग घ ५क ख ग घ ६क ख ग घ ङ ७क ख ग मा पर्ने जग्गाहरू | |
| १ | राजमार्गलाई छुने जग्गा | ३८७५००० |
| २ | राजमार्गलाई छोई उत्तर दक्षिण खोलिएको पिच बाटो | २८६०००० |

| | | |
|---|---|---|
| ३ | सो बाहेकका अन्य पीच बाटो | २५३०००० |
| ४ | ग्रावेल बाटो | १८७०००० |
| ५ | कच्ची बाटो | १०७५००० |
| ६ | बाटो नभएको | ३३०००० |
| ञ | सो वडा बाहेक अन्य सवै भित्रि बाटोमा पर्ने जग्गा | |
| १ | पीच बाटो | १३७५००० |
| २ | ग्रावेल बाटो | १०७५००० |
| ३ | कच्ची बाटो | ७२५००० |
| ४ | बाटो नभएको | २१०००० |
| ट | सिसवार ९/ग बारकोल अन्तर्गतको जग्गा | |
| १ | बाटो भएको | २७५००० |
| २ | बाटो नभएको धनहरतर्फ | १४०००० |
| ३ | बाटो नभएको भीट तर्फ | ९०००० |
| ठ | रजहर गा.वि.स. मा पर्ने जग्गा | |
| १ | राजमार्गमा पर्ने | ३८२०००० |
| २ | राजमार्गबाट खोलिएको उत्तरदक्षिण पीचबाटोमा पर्ने | २३१०००० |
| ड | उल्लेखित बाटो बाहेको अन्य जग्गा | |
| १ | पीच बाटो | १३६०००० |
| २ | ग्रावेल बाटो | ९७०००० |
| ३ | कच्ची बाटो | ५७०००० |
| ४ | बाटो नभएको | २१०००० |

नोट यसमा आ.व. २०७९।०८० मालपोत कार्यालयको मुल्याङ्कन रकम राखिएको छ। २०८०।०८१ का लागि मालपोत कार्यालयबाट नया मुल्याङ्कन रकम स्वीकृत भएमा सोही बमोजिम हुने छ।

## अनूसूची ५
## भूमि करको दररेट

| जग्गाको वर्ग | | दर प्रतिकठ्ठा रू |
|---|---|---|
| क | सिँचाई व्यवस्था भएको खेत | ८० |
| ख | सिँचाई व्यवस्था नभएको खेत | ६० |
| ग | भिर/पाखो/बारी | ४० |
| घ | अन्य वर्ग नखुलेको | ५० |
| ङ | घडेरी वजार क्षेत्र | ५०० |
| च | घडेरी ग्रामिण क्षेत्र | २०० |

## अनूसुची - ६

### बहाल करको दर

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १ | घर बहालकर भवन/टहरा | १० प्रतिशत |
| २ | जग्गा बहाल कर व्यापारिक प्रयोजन | १० प्रतिशत |
| ३ | जग्गा बहाल कर कृषी प्रयोजन | २ प्रतिशत |

नोटः घर वा जग्गा भाडा दर स्वघोषणा र नगरपालिकाले तोकेको दरमा जुन बढी छ त्यसलाई नै आधार मानिने छ।

## अनूसुची - ७

### आ.व. २०८०।०८१ का लागि स्वीकृत व्यवसाय करका दर

| क्र.सं. | कर शिर्षक | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|
| जुनसुकै व्यवसाय नयाँ दर्ताका लागि | | ५००।०० | |
| १ | होटल /लज तर्फ | | |
| क | रिसोर्ट २० लाख सम्म लगानी | ६,०००।०० | ६,६००।०० |
| | रिसोर्ट २० लाख भन्दा माथि ५० लाख सम्म लगानी | ८,०००।०० | ८,८००।०० |
| | रिसोर्ट ५० लाख भन्दा माथि लगानी | १०,०००।०० | ११,०००।०० |
| ख | होटल क श्रेणीको लज सहित | ३,०००।०० | ३,३००।०० |
| ग | होटल ख श्रेणीको | १,५००।०० | १,७००।०० |
| घ | होम स्टे प्रतिवेड | १००।०० | ११०।०० |
| ङ | तारे होटल | | ५०,०००।०० |
| च | चलचित्र प्रदर्शनी | | २५,०००।०० |
| छ | ट्राभल र ट्रेकिङ एजेन्सी २५ लाख पुंजी | | १०,०००।०० |
| ज | ट्राभल र ट्रेकिङ एजेन्सी २५ लाख भन्दा धेरै पुंजी | | १५,०००।०० |
| २ | रेष्टुरेन्ट एण्ड वार | | |
| क | दोहोरी डान्स वार | ४,५००।०० | ५,०००।०० |
| ख | क श्रेणीको रेष्टुरेन्ट | २,२५०।०० | २,५००।०० |
| ग | ख श्रेणीको रेष्टुरेन्ट | १,५००।०० | १,७००।०० |
| घ | फुड ल्याण्ड/फुड मार्ट | २,०००।०० | २,२००।०० |
| ङ | होटल स्वीमिङ पुल | | ५,०००।०० |
| च | क्यासिनो | | १००,०००।०० |
| छ | विविध मनोरञ्जन सेवा | | ५,०००।०० |
| ज | सफारी | | ५,०००।०० |
| ३ | पार्टी प्यालेस/ क्याटरिङ | | |
| क | पार्टी प्यालेस | ४,५००।०० | ५,०००।०० |

| क्र.सं. | कर शिर्षक | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|
| ख | क्याटरिङ | २,२५०।०० | २,५००।०० |
| ग | टेण्ट | २,२५०।०० | २,५००।०० |
| ४ | मदिरा पसल/पेय पदार्थ/सुर्तीजन्य पदार्थ | | |
| क | मदिरा आयातकर्ता | | १५,०००।०० |
| ख | डिस्ट्रिव्युटर मदिरा | ९,०००।०० | १०,०००।०० |
| ग | डिलर/थोक पसल | ६,०००।०० | ६,६००।०० |
| घ | खुद्रा पसल | २,५००।०० | २,८००।०० |
| ङ | हल्का पेय पदार्थ डिलर | ३,०००।०० | ३,३००।०० |
| च | हल्का पेय पदार्थ खुद्रा | १,५००।०० | १,७००।०० |
| छ | सुर्ती पदार्थ आयातकर्ता | | १०,०००।०० |
| ज | सुर्ती पदार्थ डिलर | | ८,०००।०० |
| झ | सुर्ती जन्य पदार्थ खुद्रा | १,५००।०० | १,७००।०० |
| ञ | सुर्ती जन्य पदार्थ होलसेल | २,५००।०० | २,८००।०० |
| ५ | चिया/मिठाई पसल/ फाष्ट फुड तर्फ | | |
| क | सवै प्रकारका मिठाई पाइने ठुला पसल | २,०००।०० | २,२००।०० |
| ख | सवै प्रकारका मिठाई पाइने मझौला पसल | २,०००।०० | २,२००।०० |
| ग | फाष्ट फुड क्याफे | ७५०।०० | १,०००।०० |
| घ | साधारण चिया पसल | ७५०।०० | १,०००।०० |
| ६ | स्टेशनरी तथा पुस्तक पसल/फोटो स्टुडियो | | |
| क | स्टेशनरी तथा पुस्तक डिस्ट्रिव्युटर | २,०००।०० | २,२००।०० |
| ख | स्टेशनरी तथा पुस्तक थोक | २,०००।०० | २,२००।०० |
| ग | स्टेशनरी तथा पुस्तक खुद्रा | १,५००।०० | १,७००।०० |
| घ | पुस्तक छापाखाना | ३,०००।०० | ३,३००।०० |
| ङ | मुद्रण सामाग्री खरिद विक्री तथा कापी उद्योग | २,०००।०० | २,२००।०० |
| च | फ्लेक्स प्रिन्ट | २,०००।०० | २,२००।०० |
| छ | फोटोकपि फ्याक्स लेमिनेशन | २,०००।०० | २,२००।०० |
| ज | कलर ल्याव | २,०००।०० | २,२००।०० |
| झ | फोटो स्टुडियो | १,५००।०० | १,७००।०० |
| ञ | भिडियो ग्राफि व्यवसाय | १,५००।०० | १,७००।०० |
| ट | खेलकुद म्युजिकल सामान विक्री पसल | | ३,०००।०० |
| ७ | किराना पसल तर्फ | | |
| क | होलसेल ठूला पसल | ३,०००।०० | ३,३००।०० |
| ख | मझौला पसल | २,०००।०० | २,२००।०० |
| ग | साना पसल | ५००।०० | १,०००।०० |
| घ | मिनि मार्ट | ४,०००।०० | ४,४००।०० |

| क्र.सं. | कर शिर्षक | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|
| | विज्नेस मार्ट कम्प्लेक्स | | १०,०००।०० |
| | मार्ट ४००० बर्गफिट सम्म | | ५,०००।०० |
| ८ | डिपार्टमेन्टल अन्य | | |
| क | डिपार्टमेन्टल स्टोर | ७,५००।०० | ८,३००।०० |
| ख | पूजा सामाग्री | २,०००।०० | २,२००।०० |
| ग | पूजा सामाग्री धातुका बस्तु समेत | | ३,०००।०० |
| घ | कस्मेटिक थोक | २,०००।०० | २,२००।०० |
| ङ | कस्मेटिक खुद्रा | १,०००।०० | १,१००।०० |
| च | ब्युटिपार्लर | २,०००।०० | २,२००।०० |
| छ | व्युटी पार्लर प्रशिक्षण सहित | | ५,०००।०० |
| ज | सैलुन पसल | ३,०००।०० | ३,३००।०० |
| झ | पान पसल खुद्रा सामान सहित | ७५०।०० | १,०००।०० |
| ञ | पान पसल विशुद्ध | ७५०।०० | १,०००।०० |
| ट | सुनचाँदी पसल | ४,०००।०० | ४,४००।०० |
| ठ | प्लेटेड गहना | | २,५००।०० |
| ९ | पेट्रोलियम पदार्थ तर्फ | | |
| क | पेट्रोल र डिजल पम्प | ७,५००।०० | ८,३००।०० |
| ख | डिजल पम्प/पेट्रोल मात्र | ५,२५०।०० | ५,८००।०० |
| ग | मट्टितेल | २,५००।०० | २,८००।०० |
| १० | स्वास्थ संस्था तर्फ | | |
| क | नीजी अस्पताल/गैह्र सरकारी अस्पताल | ५,०००।०० | ५,५००।०० |
| ख | नर्सिङ होम इन्टिच्युड रहित | ५,०००।०० | ५,५००।०० |
| ग | पोलि क्लिनिक | ५,०००।०० | ५,५००।०० |
| घ | क्लिनिक डाक्टर परामर्श सहित | ५,०००।०० | ५,५००।०० |
| ङ | चस्मा पसल आँखा जाँच सहित | २,५००।०० | २,८००।०० |
| च | क्लिनिक ल्याव सहित | ३,०००।०० | ३,३००।०० |
| छ | डेन्टल क्लिनिक | २,५००।०० | २,८००।०० |
| ज | क्लिनिक प्राक्टिनर्स सहित | २,५००।०० | २,८००।०० |
| झ | चस्मा पसल | २,०००।०० | २,२००।०० |
| ञ | ल्याव/एक्सरे | २,५००।०० | २,८००।०० |
| ट | आयुर्वेदिक औषधी पसल/ कविराजको क्लिनिक | १,५००।०० | १,७००।०० |
| ड | जडिबुटी हर्वल खरिद प्शोधन बिक्री | ३,०००।०० | ३,३००।०० |
| ढ | एग्रोभेट | २,५००।०० | २,८००।०० |
| ११ | इलेक्ट्रिक / इलेक्ट्रोनिक्स | | |
| क | इलेक्ट्रिक डिलर | ४,०००।०० | ४,४००।०० |

| क्र.सं. | कर शिर्षक | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|
| ख | इलेक्ट्रिक पसल श्रेणी क | ३,०००।०० | ३,३००।०० |
| ग | इलेक्ट्रिक पसल श्रेणी ख | १,५००।०० | १,७००।०० |
| घ | सौर्य उर्जा पार्टस विक्री तथा मर्मत | ३,०००।०० | ३,३००।०० |
| ङ | मोवाइल डिलर | ४,५००।०० | ५,०००।०० |
| च | मोवाइल पसल | २,५००।०० | २,८००।०० |
| छ | इलेक्ट्रोनिक्स सामान थोक | ४,५००।०० | ५,०००।०० |
| ज | कम्प्युटर तथा कम्प्युटर सामान विक्री | ४,५००।०० | ५,०००।०० |
| झ | डिस होम टि.भि. फ्रिज वासिङ मेसिन ग्याँस चुल्हो खुद्रा | ३,५००।०० | ४,०००।०० |
| ञ | घडी रेडियो क्यामरा साना इलेक्ट्रोनिक्स खुद्रा | २,५००।०० | २,८००।०० |
| ट | ग्याँस सिलिन्डर | ४,०००।०० | ४,५००।०० |
| ठ | ग्याँस सिलिन्डर खुद्रा | १,५००।०० | १,७००।०० |
| १२ | शिक्षा क्षेत्र निजी शिक्षा क्षेत्र | | |
| क | आधारभूत विद्यालय १-५ | | १००००।०० |
| ख | आधारभूत विद्यालय १-८ | | १५०००।०० |
| ग | माध्यामिक विद्यालय | | २००००।०० |
| घ | उच्च माध्यामिक विद्यालय | | ३००००।०० |
| ङ | क्याम्पस | २,५००।०० | २,८००।०० |
| च | कक्षा थप माध्यामिक तह | १२,०००।०० | १२,०००।०० |
| छ | कक्षा थप आधारभूत तह १-८ | १०,०००।०० | १०,०००।०० |
| ज | कक्षा थप आधारभूत तह १-५ | ८,०००।०० | ८,०००।०० |
| झ | पुर्व बालशिक्षा/शिशु स्याहार | ४,०००।०० | ४,५००।०० |
| ञ | प्राविधिक शिक्षालय | ५,०००।०० | ५,५००।०० |
| ट | ड्राइभिङ इन्टिच्युट | ५,०००।०० | ५,५००।०० |
| ठ | एजुकेशन कन्सल्टेन्सी/ट्युसन /भाषा प्रशिक्षण | ५,०००।०० | ५,५००।०० |
| ड | प्रशिक्षण तालिम अनुसन्धान केन्द्र | ५,०००।०० | ५,५००।०० |
| ढ | कम्प्युटर इन्टिच्युट | ४,०००।०० | ४,४००।०० |
| ण | होस्टेल प्राइभेट | ५,०००।०० | ५,५००।०० |
| १३ | बैङ्क तथा फाइनाइन्स कम्पनी तर्फ | | |
| क | वाणिज्य बैङ्क मुख्य कार्यालय | १८,७५०।०० | ३५,०००।०० |
| ख | वाणिज्य बैङ्क शाखा कार्यालय | १५,०००।०० | ३०,०००।०० |
| ग | विकास वैङ्क मुख्य कार्यालय | १५,०००।०० | ३०,०००।०० |
| घ | विकास वैङ्क शाखा कार्यालय | १५,०००।०० | ३०,०००।०० |
| ङ | फाइनाइन्स कम्पनी मुख्य कार्यालय | १५,०००।०० | २५,०००।०० |
| च | फाइनाइन्स कम्पनी शाखा कार्यालय | १५,०००।०० | २५,०००।०० |
| छ | आर्थिक कारोवार शेयर कारोवार वा अन्य आर्थिक कारोवार गर्ने इन्भेष्टमेन्ट कम्पनी | | २०,०००।०० |

| क्र.सं. | कर शिर्षक | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|
| ज | शेयर रजिस्टार गर्ने कार्यालय सेक्युरिजिज कम्पनी | | १०,०००।०० |
| झ | वीमा कम्पनी/शाखा | १५,०००।०० | ३०,०००।०० |
| ञ | रेमिट्यान्स/मनी एक्चेन्जर | १,५००।०० | ३,०००।०० |
| ट | लघुवित्त | १५,०००।०० | २५,०००।०० |
| ठ | सहकारी तर्फ | | खुद नाफामा |
| ड | कृषी सहकारी | | णज्ञण% |
| ढ | दुग्ध उत्पादक सहकारी | | णण्छ% |
| ण | वचत तथा ऋण सहकारी | | णद्दण% |
| १४ | कुटानी/पिसानी /पेलानी तर्फ | | |
| क | कुटानी/पिसानी /पेलानी विक्री सहित | २,५००।०० | २,८००।०० |
| ङ | मसला कुटानी पिसानी | १,०००।०० | १,१००।०० |
| ज्ञछ | निर्माण सँग सम्बन्धित | | |
| क | हार्डवयर डिलर | १५,०००।०० | १६,५००।०० |
| ख | हार्डवयर पसल | ६,०००।०० | ६,६००।०० |
| घ | सिसा प्लाइ सन्माइका | ४,०००।०० | ४,४००।०० |
| ङ | गिट्टि ढुङ्गा इट्टा बालुवा डिपो तथा विक्री | ७,५००।०० | ८,३००।०० |
| च | निर्माण समाग्री इट्टा वालुवा रोडा सम्पर्क कार्यालय | | ५,०००।०० |
| छ | अन्तराष्ट्रिय निर्माण व्यवसायी एवं परामर्शदाता | १८,७५०।०० | २५,०००।०० |
| ज | निर्माण व्यवसाय क वर्ग | | २५,०००।०० |
| झ | निर्माण व्यवसाय ख वर्ग | | २०,०००।०० |
| ञ | निर्माण व्यवसाय ग वर्ग | | १५,०००।०० |
| ट | निर्माण व्यवसायी भ्याट/प्यान भएको घ वर्ग | ५,५००।०० | १०,०००।०० |
| ठ | निर्माण व्यवसायी भ्याट/प्यान नविकरण घ वर्ग | | ५,०००।०० |
| ड | निजी ठेकेदार | ३,०००।०० | ३,३००।०० |
| ण | बाथरूम एक्सेसेरिज एण्ड सेनेटरी | ५,०००।०० | ५,५००।०० |
| १६ | भवन निर्माण सम्बन्धी ठेक्कापट्टा | | |
| क | सटरिङ | २,०००।०० | २,२००।०० |
| ख | बार बेन्डिङ | २,०००।०० | २,२००।०० |
| ग | टाइल मार्वल | ५,०००।०० | ५,५००।०० |
| घ | रंग रोगन | ३,०००।०० | ३,३००।०० |
| ङ | प्लम्विङ | १,५००।०० | १,७००।०० |
| च | इलेक्टिसियन वाइरिङ | १,५००।०० | १,७००।०० |
| छ | कारपेन्ट्री | १,५००।०० | १,७००।०० |
| ज | डकर्मी ठेक्का | १,५००।०० | १,७००।०० |
| झ | ट्रान्सपोर्ट ढुवानी सेवा | ३,०००।०० | ३,३००।०० |

| क्र.सं. | कर शिर्षक | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|
| ञ | भवन निर्माण सम्बन्धी सम्पूर्ण ठेक्कापट्टा | ३,०००।०० | ३,३००।०० |
| १७ | उद्योग तर्फ | | |
| क | सि.जि इन्डस्ट्रियल पार्क अन्तर्गत | | |
| १ | सि.जि. फुड्स नेपाल प्रा.लि. | | २,०००,०००।०० |
| २ | सि.जि. ब्रूअरी नेपाल प्रा.लि. | | २,०००,०००।०० |
| ३ | सि.जि. प्रिन्ट एण्ड पेकेजिङ | | १,०००,०००।०० |
| ४ | सि.जि. परफेक्ट ब्लेन्ड नेपाल प्रा.लि. | | १,०००,०००।०० |
| ५ | सि.जि. इलेक्ट्रोनिक्स प्रा.लि. | | ५००,०००।०० |
| ख | अन्य ठुला उद्योग तर्फ | | |
| १ | क्रसर उद्योग | | ५००,०००।०० |
| २ | मदिरा डिस्टिलरी उद्योग | | २५०,०००।०० |
| ३ | इट्टा उद्योग | | १००,०००।०० |
| ४ | इलेक्ट्रिक इट्टा उद्योग | | २०,०००।०० |
| ५ | अक्सिजन ग्याँस उद्योग | | २५,०००।०० |
| ६ | मविल उद्योग | | ७५,०००।०० |
| ७ | पानी उद्योग | | १०,०००।०० |
| ८ | प्रिमिक्स/असफाल्ट उद्योग | | ५०,०००।०० |
| ९ | रेडिमिक्स | | ३०,०००।०० |
| १० | इलेक्ट्रिक स्वीच उद्योग | | ११,०००।०० |
| ११ | वाइरिङ पाइप उद्योग | | ११,०००।०० |
| १२ | जिप्सन उद्योग | | ११,०००।०० |
| ग | माथिका शीर्षक बाहेक अन्य ठूला उद्योग पूँजीका आधारमा | ११०,०००।०० | १२१,०००।०० |
| घ | माथिका शीर्षक बाहेक अन्य मझौला उद्योग पूँजीका आधारमा | ५५,०००।०० | ६०,५००।०० |
| ङ | साना उद्योग | | |
| १ | गेवियन जाली ठुला प्रकृतिका | १०,०००।०० | ११,०००।०० |
| २ | गेवियन जाली साना प्रकृतिका | ५,०००।०० | ५,५००।०० |
| ३ | बेकरी/पाउरोटी उद्योग | ३,०००।०० | ३,३००।०० |
| ४ | अचार/अगरबत्ती तथा मैनबत्ती उद्योग | १,०००।०० | १,१००।०० |
| ५ | बरफ आइसक्रिम उद्योग | २,५००।०० | २,८००।०० |
| ६ | गार्मेन्ट उद्योग | ४,०००।०० | ४,४००।०० |
| ७ | सिमेन्ट ब्लक कंक्रिट | ७,०००।०० | ७,७००।०० |
| ८ | सिरक डसना कपास उद्योग | २,५००।०० | २,८००।०० |
| ९ | ग्रील सटर उद्योग ठूला | ६,०००।०० | ६,६००।०० |
| १० | ग्रील सटर उद्योग साना | ३,०००।०० | ३,३००।०० |
| ११ | आल्मुनियम उद्योग | ३,०००।०० | ३,३००।०० |

| क्र.सं. | कर शिर्षक | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|
| १२ | युपिभिसी उद्योग | ३,०००।०० | ३,३००।०० |
| १३ | जुत्ता चप्पल उद्योग सामान्य | २,५००।०० | २,८००।०० |
| १४ | जुत्ता चप्पल उद्योग कारखाना | ५,०००।०० | ५,५००।०० |
| १५ | खाद्यन्न उद्योग | ६,०००।०० | ६,६००।०० |
| १६ | डेरी उद्योग | २,०००।०० | २,२००।०० |
| १७ | ह्याचरी उद्योग | १०,०००।०० | ११,०००।०० |
| १८ | दाना उद्योग | १०,०००।०० | ११,०००।०० |
| १९ | पापड उद्योग | २,५००।०० | २,८००।०० |
| २० | चाउमिन/ चाउचाउ उद्योग | २,५००।०० | २,८००।०० |
| २१ | दालमोठ भुजिया नमकिन | २,५००।०० | २,८००।०० |
| २२ | सुनचाँदी गरगहना निर्माण | २,५००।०० | २,८००।०० |
| २३ | ज्यासल वा आरन राखी कांस तामा पित्तल लगायतका धातुजन्य भाँडा जन्य निर्माण | २,५००।०० | २,८००।०० |
| २४ | फर्निचर उद्योग | ७,५००।०० | ८,३००।०० |
| २५ | स-मिल/फर्निचर उद्योग शोरूम सहित | १२,०००।०० | १३,२००।०० |
| २६ | स-मिल फर्निचर उद्योग सहित | १५,०००।०० | १६,५००।०० |
| २७ | सावुन सरफ उद्योग | ६,०००।०० | ६,६००।०० |
| २८ | हस्तकला उत्पादन | १,०००।०० | १,१००।०० |
| २९ | सेनटरी प्याड उत्पादन | १,०००।०० | १,१००।०० |
| ३० | प्लाष्टिक उद्योग | २०,०००।०० | २२,०००।०० |
| ३१ | ग्याँस उद्योग | ३०,०००।०० | ३३,०००।०० |
| ३२ | मोविल प्रशोधन उद्योग | ५,०००।०० | ५,५००।०० |
| ३३ | वैकल्पिक उर्जा उत्पादक उद्योग | | ५,०००।०० |
| ३४ | आल्मुनियम कन्टेनर/पेपर प्लेट | | ५,०००।०० |
| ३५ | दुना टपरी उद्योग | | १,०००।०० |
| ३६ | चक्लेट उद्योग | | २,५००।०० |
| १८ | अन्य पसल हरू | | |
| क | फलफुल तथा तरकारी थोक | २,५००।०० | २,८००।०० |
| ख | फलफुल तथा तरकारी खुद्रा | १,५००।०० | १,७००।०० |
| ग | माछा मासु पसल थोक | २,५००।०० | २,८००।०० |
| घ | माछा मासु पसल खुद्रा | १,५००।०० | १,७००।०० |
| ङ | प्रशोधित मासु जन्य विक्री | | ३,०००।०० |
| च | गल्ला तथा खाद्यन्न खरिद | ४,०००।०० | ४,४००।०० |
| छ | गल्ला तथा खाद्यन्न खुद्रा | | २,५००।०० |
| ज | खेलौना गिफ्ट तथा उपहार सामाग्री पसल थोक | २,५००।०० | २,८००।०० |
| झ | खेलौना गिफ्ट तथा उपहार सामाग्री पसल खुद्रा | १,५००।०० | १,७००।०० |

| क्र.सं. | कर शिर्षक | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|
| ञ | फुलमाला सजावट | | २,५००।०० |
| ट | होम डेकोर | ४,०००।०० | ४,४००।०० |
| ठ | फेन्सी विविध पसल | २,५००।०० | २,८००।०० |
| ड | फेन्सी कपडा पसल | २,५००।०० | २,८००।०० |
| ढ | कपडा तथा फाइवर स्टोर्स | | ४,०००।०० |
| ण | थान कपडा पसल कुर्ता सुरवाल साडी पसल | २,५००।०० | २,८००।०० |
| त | भाँडा पसल धातुजन्य | २,५००।०० | २,८००।०० |
| थ | भाँडा पसल प्लाष्टिक जन्य | १,५००।०० | १,७००।०० |
| द | पेन्टिङ आर्ट पसल | १,०००।०० | १,१००।०० |
| ध | दुध दही घिउ पनिर विक्री गर्ने पसल | १,०००।०० | १,१००।०० |
| न | अदुवा अम्रिसो खरिद विक्री गर्ने पसल | ५,०००।०० | ५,५००।०० |
| प | ड्राइ क्लिनर्स | १,५००।०० | १,७००।०० |
| फ | जुत्ता चप्पल विक्री गर्ने होलसेल पसल | २,५००।०० | २,८००।०० |
| ब | जुत्ता चप्पल विक्री गर्ने खुद्रा पसल | १,५००।०० | १,७००।०० |
| भ | सटिङ सुटिङ सिलाइ पसल कपडा विक्री सहित | २,५००।०० | २,८००।०० |
| म | सटिङ सुटिङ सिलाइ पसल मात्र | १,५००।०० | १,७००।०० |
| य | सियो धागो टाँक इमब्रोडरीका सामान सर्टिङ सुटिङका सामा( नहरू | | ३,०००।०० |
| र | लुगा सिउने मेसिन बिक्री गर्ने पसल | | ३,०००।०० |
| व | एकोरियम विक्री पसल | | ५,०००।०० |
| श | व्याण्ड बाजा पञ्चेवाजा र नौमती वाजा | १,५००।०० | १,७००।०० |
| ष | साउण्ड सिष्टम | २,०००।०० | २,२००।०० |
| स | अण्डा पसल | १,०००।०० | १,१००।०० |
| १९ | अन्य व्यापार व्यवसाय | | |
| क | कृषी तथा पशुपालन संयुक्त | १,५००।०० | १,७००।०० |
| ख | गाई भैसी वाख्रा पालन व्यवसाय | १,०००।०० | १,१००।०० |
| ग | आधुनिक पशु बद्यशाला | | ३,०००।०० |
| घ | मौरी पालन व्यवसाय | १,०००।०० | १,१००।०० |
| ङ | बंगुर पालन | १,०००।०० | १,१००।०० |
| च | माछा पालन व्यवसाय | १,०००।०० | १,१००।०० |
| छ | पोल्ट्री फर्म | | |
| ज | ५०० सम्मको कुखुरा संख्या | ५००।०० | १,०००।०० |
| झ | १००० सम्मको कुखुरा संख्या | १,०००।०० | १,१००।०० |
| ञ | १००० भन्दा धेरै कुखुरा संख्या | १,५००।०० | १,७००।०० |
| ट | टिकट बुकिङ काउन्टर | १,०००।०० | १,१००।०० |
| ठ | विज्ञापन ऐजेन्सी व्यवसाय | १,५००।०० | १,७००।०० |

| क्र.सं. | कर शिर्षक | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|
| ड | केवुल कार सञ्चालन व्यवसाय | ७,५००।०० | ८,३००।०० |
| ढ | साइवर क्याफे | १,५००।०० | १,७००।०० |
| ण | इन्टरनेट सेवा प्रदायक व्यवसाय | | |
| त | १००० सम्म ग्राहक संख्या | | २५,०००।०० |
| थ | १००१ देखि २००० सम्म ग्राहक संख्या | | ३५,०००।०० |
| द | २००० भन्दा बढी ग्राहक संख्या | | ५०,०००।०० |
| ध | जुत्ता चप्पल मर्मत | ५००।०० | १,०००।०० |
| न | नर्सरी व्यवसाय | १,०००।०० | १,१००।०० |
| प | कवाडी खरिद बिक्री | ५,०००।०० | ५,५००।०० |
| फ | जिम हाउस | २,५००।०० | २,८००।०० |
| ब | स्कुनर | २,५००।०० | २,८००।०० |
| भ | टेलिफोन टावर | ५,०००।०० | ५,५००।०० |
| म | एफ एम रेडियो स्थापना सञ्चालन | ५,०००।०० | ५,५००।०० |
| य | लेखापढी व्यवसाय | ३,०००।०० | ३,३००।०० |
| र | ठेला व्यवसाय रिक्सा स्थान फिक्स भएको हकमा मात्र | ५००।०० | १,०००।०० |
| ल | मेकानिकल ग्याँस वेल्डिङ | १,५००।०० | १,७००।०० |
| व | ई-रिक्सा | १,०००।०० | १,१००।०० |
| श | रियल स्टेट एण्ड हाउजिङ प्रा.लि. | १०,०००।०० | ११,०००।०० |
| ष | घरजग्गा खरिद विक्री सम्पर्क कार्यालय | | ५,०००।०० |
| स | पुल हाउस | ५,०००।०० | ५,५००।०० |
| ह | फन पार्क | ५,०००।०० | ५,५००।०० |
| क्ष | कुरियर व्यवसाय | १,०००।०० | १,१००।०० |
| त्र | अनलाइन व्यवसाय दर्ता | १,०००।०० | १,१००।०० |
| ज्ञ | अनलाइन न्युज | | ५,०००।०० |
| कक | व्यवसायको सम्पर्क कार्याल | | ५,०००।०० |
| कख | सरसफाइ सेवा व्यवसाय | | २,५००।०० |
| कग | ज्योतिषीय परामर्श सेवा | २,५००।०० | २,८००।०० |
| कघ | घुम्ती व्यवसाय | १,५००।०० | १,७००।०० |
| यसमा उल्लेखित बाहेक पूंजी लगानी रकम रू ५ लाख सम्मका व्यवसायलाइ रू १००० र २० लाख सम्म पुंजी भएका( लाइ रू २००० कर लिने व्यवस्था मिलाइने । | | | |
| २० | सवारी साधन मर्मत संभार/विक्री | | |
| १ | विद्युतीय सवारी साधन विक्री सोरूम | | ५,०००।०० |
| क | साइकल विक्री तथा मर्मत | २,०००।०० | २,२००।०० |
| ख | साइकल पार्टपुर्जा तथा मर्मत | १,०००।०० | १,१००।०० |
| ग | मोटरसाइकल/पावर टेलर/ई-रिक्सा विक्री | ४,०००।०० | ४,४००।०० |
| घ | पार्टपुर्जा तथा मर्मत | २,०००।०० | २,२००।०० |

| क्र.सं. | कर शिर्षक | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|
| ङ | मोटरसाइकल वर्कशप | १,५००।०० | १,७००।०० |
| च | हलुका सवारी | | |
| छ | शो रूम | ७,५००।०० | ८,३००।०० |
| ज | पार्टपुर्जा तथा मर्मत | ४,०००।०० | ४,४००।०० |
| झ | मर्मत मात्र | २,०००।०० | २,२००।०० |
| २ | हेभी सवारी इक्वीपमेण्ट | | |
| क | हेभी इक्वीपमेन्ट मर्मत केन्द्र | | १०००००।०० |
| ख | शो रूम | १२,०००।०० | १३,२००।०० |
| ग | पार्ट पुर्जा तथा मर्मत | ५,०००।०० | ५,५००।०० |
| घ | मर्मत मात्र | २,५००।०० | २,८००।०० |
| ङ | बडी विल्डर सवै | ७,५००।०० | ८,३००।०० |
| च | डेन्टिङ पेन्टिङ सवै | २,५००।०० | २,८००।०० |
| ३ | टायर | | |
| क | शो रूम | ४,५००।०० | ५,०००।०० |
| ख | रिसोलिङ | ३,७५०।०० | ४,२००।०० |
| ग | मर्मत तथा पञ्चर | १,०००।०० | १,१००।०० |
| घ | लेथ मेसिन श्रेणी क | १,५००।०० | १,७००।०० |
| ङ | लेथ मेसिन श्रेणी ख | १,५००।०० | १,७००।०० |
| च | पम्पसेट जेनेरेटर डिलर तथा मर्मत | १,५००।०० | १,७००।०० |
| ४ | व्याट्री | | |
| क | विक्री | १,५००।०० | १,७००।०० |
| ख | मर्मत | १,०००।०० | १,१००।०० |
| ग | बिक्री तथा मर्मत | २,०००।०० | २,२००।०० |
| ५ | गोदाम घर | ५,०००।०० | ५,५००।०० |
| ६ | तौल पुल धर्मकाँटा | ३,०००।०० | ३,३००।०० |
| २१ | विशेषज्ञ परामर्श सेवा | | |
| क | परामर्शदाता तथा सल्लाहाकार | | ५,०००।०० |
| ख | विदेशी अनुसन्धान तथा परामर्श कन्सल्ट्यान्सी | | १०,०००।०० |
| ग | स्वदेशी अनुसन्धान तथा परामर्श कन्टल्ट्यान्सी | | ७,०००।०० |
| घ | अनुसन्धान तथा परामर्श दाता सल्लाहाकार व्यक्ति | | ५,०००।०० |
| ङ | अन्तराष्ट्रिय गैर सरकारी संस्था दर्ता तथा नविकरण | | १००००।०० |
| च | स्वदेशी गैरसरकारी सँस्था दर्ता तथा नविकरण | | ७०००।०० |
| छ | इन्जिनियर कन्टल्टेन्सी फर्म | | २००००।०० |
| ज | इन्जिनियर कन्ट्रल्टेन्सी फर्म नविकरण | | १२०००।०० |
| झ | वैदेशिक रोजगार परामर्श सेवा | | १००००।०० |

| क्र.सं. | कर शिर्षक | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|
| ञ | शैक्षिक परामर्श सेवा | | ५०००।०० |
| ट | अन्य परामर्श सेवा | | ५०००।०० |
| ठ | कानून व्यवसायको ल फर्म | | ५०००।०० |
| ड | लेखापरीक्षकको फर्म | | ५०००।०० |
| ढ | कम्प्युटर एनालिष्ट तथा प्रोगामर | | ५०००।०० |
| ण | विमा एजेन्ट | | ५०००।०० |
| त | कृषी परामर्श सेवा | | २०००।०० |
| थ | केयर गिभर ट्रेनिङ एण्ड रिसर्च सेन्टर | | ५०००।०० |
| २२ | कुनै व्यवसाय दर्तको प्रतिलिपीका लागि | १००।०० | १००।०० |
| उल्लेखित बाहेक फरक शिर्षकका उद्योग तथा व्यवसाय दर्ता गर्न परेमा कार्यपालिकाको निर्णय बमोजिम दररेट निर्धारण गरिने छ। | | | |

## अनूसुची - ८

## जडीबुटी कवाडी र जीवजन्तु शुल्क

१. नगरपालिका क्षेत्रभित्र उत्सर्जन भई निकासी हुने कवाडी माल/बस्तुमा देहाय बमोजिम कर लगाइने छ।

| क्र.सं. | विवरण | व्याख्या | रकम रू |
|---|---|---|---|
| १ | फलाम तथा फलामजन्य कवाडी | प्रति के.जी. | १।०० |
| २ | कागज कार्टुन तथा कागजजन्य कवाडी | प्रति के.जी. | १।०० |
| ३ | तामा पित्तल पुरानो | प्रति के.जी. | ३।०० |
| ४ | व्याट्री पुरानो | प्रति के.जी. | २।०० |
| ५ | सिल्भर तथा स्टील पुरानो | प्रति के.जी. | १।०० |
| ६ | प्लाष्टिक कुर्चि भाँडाकुडा बोत्तल तथा अन्य | प्रति के.जी. | २।०० |
| ७ | पुरानो टायर | प्रति के.जी. | १।०० |
| ८ | सिसा वियर बोतल | प्रति गोटा | ०।५० |
| ९ | सिसा सानो क्वाटर तथा अन्य | प्रति गोटा | ०।३५ |
| १० | वोरा जुट तथा प्लाष्टिक | प्रति के.जी. | १।०० |
| ११ | कानुनले बर्जित नगरेका हाड प्वाख सिङ खुर तथा अन्य छाला | प्रति के.जी. | २।०० |
| १२ | धानको भुस | प्रति ठुलो ट्रक | ५००।०० |
| १३ | धानको भुस | प्रति सानो ट्रक | ३००।०० |
| १४ | जलेको मोविल तथा तेलजन्य तरल | प्रति लिटर | ०।५० |
| १५ | काठ चिरान तथा गोलिया | प्रति क्यु फुट | ५।०० |
| १६ | दाउरा | प्रति के.जी. | १।०० |
| १७ | जडिबुटी उन प्वाख तथा अन्य | प्रति के.जी. | ५।०० |

| | | | |
|---|---|---|---|
| १८ | कोइला तथा खरानी | प्रति के.जी. | ०।५० |
| १९ | कनिका चोकर | प्रति के.जी. | १।५० |
| २० | पुरानो कपडा टुक्रा | प्रति के.जी. | ०।५० |
| २१ | अन्य सम्पूर्ण कवाडी जन्य सामाग्री | प्रति के.जी. | १।०० |

२. यस अनूसुची अन्तर्गत थप वस्तुको शुल्क निर्धारण गरी राजस्व संकलन गर्नुपर्ने भएमा राजस्व परामर्श समितको सिफारिसमा प्रमुखबाट निर्णय गरी राजस्व संकलन गर्न सकिने छ।

## अनूसुची - ९

### विज्ञापन करको दररेट

| क्र.सं. | विवरण | दर रू. मा |
|---|---|---|
| क | होडिङ वोर्डको बार्षिक | |
| १ | १२ वर्ग फिट सम्म | ८००।०० |
| २ | सो भन्दा माथि ३० वर्ग फिट सम्म | १२००।०० |
| ३ | सो भन्दा माथि प्रति वर्ग फिट | ४०।०० |
| ख | भित्ते लेखन प्रति वर्गफिट | ५।०० |
| ग | व्यानर | |
| १ | १२ वर्ग फिट सम्म प्रति व्यानर | ५०।०० |
| २ | १२ वर्ग फिट भन्दा वढी प्रति व्यानर | ७५।०० |
| घ | पोलमा राख्ने वोर्ड | |
| १ | वढिमा ३ वर्गफिट सम्म प्रतिवोर्ड | ७००।०० |
| २ | वढीमा ६ वर्गफिट सम्म प्रतिवोर्ड | १०००।०० |
| ङ | फ्लेक्स वोर्ड | |
| १ | १२ वर्ग फिट सम्म | ८००।०० |
| २ | १२ वर्ग फिट भन्दा वढी | १२००।०० |
| च | एल.ई.डी. भिडियो डिस्प्ले वोर्ड प्रति वर्ग फिट | ८००।०० |

निजि सम्पत्ती भवन टहरा जग्गामा समेत विज्ञापन गरे वापत नगरपालिकाले कर लिन पाउने छ।

## अनूसूची - १०

## बहाल विटौरी शुल्क

| क्र.सं. | विवरण | वार्षिक रकम रू. |
|---|---|---|
| क | ग्रामिण आवास | |
| १ | कच्ची घर | ५००।०० |
| २ | टिनले छाएको घर | १०००।०० |
| ३ | ढलान घर प्रतिकोठा | ४००।०० |
| ख | महेन्द्र राजमार्ग बाहिर मध्यम बस्ती | |
| १ | कच्ची घर | १०००।०० |
| २ | टिनले छाएको घर | १५००।०० |
| ३ | पक्की घर प्रतिकोठा | ५००।०० |
| ग | महेन्द्र राजमार्ग | |
| १ | कच्ची घर | २०००।०० |
| २ | टिनले छाएको घर | ३०००।०० |
| ३ | पक्की घर प्रतिकोठा | १०००।०० |
| घ | घर बहाल कर प्रयोजनको लागि बहाल दर | |
| १ | राजमार्ग दायावाँया बजार आसपासका पक्की घरका सटर रजहर केउरेनी दलदले प्रगतीनगर धारापानी बजार जस्ता मुख्य चोक वजार आसपास क्षेत्रका | |
| | पक्की घर प्रति सटर न्युनतम | ५०००।०० |
| | कच्ची घरको प्रति सटर न्युनतम | ३०००।०० |
| २ | राजमार्ग आसपास र भित्री सडकका भित्री कोठाहरू प्रति कोठा न्युनतम | १५००।०० |
| बहाल दरको सम्बन्धमा कार्यपालिकाबाट कुनै नियम निर्देशिका वा निर्णय भएमा सोहीबमोजिम हुने छ। | | |
| ङ | सामुदायिक वनबाट वन पैदावार विक्री भएवापत प्राप्त रकमको | १० प्रतिशत |
| च | होटल प्रतिष्ठान प्रति कटेज/कोठा | १०००।०० |

## अनूसुची - ११

## सवारी साधन पार्किङ शुल्क

| क्र.सं. | सवारी साधन | रकम प्रति १२ घण्टा |
|---|---|---|
| १ | बस/ट्रक | १०० |
| २ | मिनि बस/मिनि ट्रक | ७५ |
| ३ | माइक्रो बस/ट्याक्टर | ५० |
| ४ | कार/जीप/भ्यान | ४० |
| ५ | टेम्पो/इरिक्सा | २० |
| ६ | मोटर साइकल | १० |

| | | |
|---|---|---|
| ७ | साइकल | छ |
| ८ | ठेला | ५० |
| ९ | अस्थायी चिया खाजा पसल | ५० |

तिनपाङ्गे सवारी साधनको रूट प्रमिट लिनका लागि सुरू दर्ता रू १५००।- र नविकरण दस्तुर रू. १०००।- लाग्ने छ ।

अनूसुची - १२

सेवा शुल्क तथा दस्तुर

| क्र.सं. | विवरण | व्याख्या | रकम |
|---|---|---|---|
| क | सेवा शुल्क | | |
| १ | सवारी पार्किङ शुल्क | | छ प्रतिशत |
| ख | दस्तुर | | |
| १ | पन्जिकरण तर्फ व्यक्तिगत घटना दर्ता | ३५ दिन भित्र | निशुल्क |
| | | ३५ दिन पछि | प्रचलित नियमानुसार |
| २ | व्यक्तिगत घटना दर्ता प्रतिलिपी | | प्रचलित नियमानुसार |
| ३ | व्यक्तिगत घटना दर्ता शंशोधन | | १००० |
| ग | सिफारिस तथा बक्सौनी दस्तुर | | |
| १ | घरबाटो सिफारिस | | १००० |
| २ | चार किल्ला प्रमाणित सिफारिस | | ५०० |
| ३ | जग्गा नामसारी सिफारिस | | ५०० |
| ४ | मुद्धा निवेदन | | १०० |
| ५ | निजी काठको सिफारिस | | ३०० |
| ६ | परिचयात्मक सिफारिस | | ५०० |
| ७ | नागरिकता सिफारिस | | १०० |
| ८ | अंगिकृत नागरिकता सिफारिस | | १००० |
| ९ | नाता प्रमाणित | | ५०० |
| १० | पारिवारिक विवरण पेन्सन प्रयोजन | | ५०० |
| ११ | नावालक सिफारिस | | निशुल्क |
| १२ | जन्ममिति प्रमाणित/जन्म प्रमाणित | | ५०० |
| १३ | बैवाहिक सम्बन्ध प्रमाणित | | ५०० |
| १४ | चारित्रिक प्रमाणित | | ५०० |
| १५ | आम्दानी प्रमाणित वैदेशिक प्रयोजन बाहेक | | ५०० |
| १६ | खानेपानी जडान/नामसारी/ठाउँसारी | | १०० |
| १७ | विद्यूत जडान  नामसारी/ठाउँसारी | घरायसी र साना उद्योग | ५०० |
| १८ | विद्यूत जडान /नामसारी/ठाउँसारी | मझौला उद्योग | १००० |
| १९ | विद्यूत जडान /नामसारी/ठाउँसारी | ठुला उद्योग | २००० |

| क्र.सं. | विवरण | व्याख्या | रकम |
|---|---|---|---|
| २० | घरगोठ काठ सार सिफारिस | | १००० |
| २१ | घरेलु उद्योगका लागि सिफारिस | | १००० |
| २२ | व्यवसायको नाम परिवर्तन | | १५०० |
| २३ | व्यवसाय बन्द | संचालन भएको १ वर्ष भित्र | १५०० |
| २४ | व्यवसाय बन्द | संचालन भएको १ वर्ष पछि | ५०० |
| २५ | व्यवसाय ठाउँसारी | | १००० |
| २६ | व्यवसाय नामसारी | एकाघर सदस्य | ५०० |
| २७ | व्यवसाय नामसारी | विक्री पछि | १५०० |
| २८ | मदिरा व्यवसायको लागि सिफारिस | खुद्रा विक्री होटल | ५०० |
| २९ | मदिरा व्यवसायको लागि सिफारिस | थोक विक्री होटल | १००० |
| ३० | सर्जमिन दस्तुर | | ५०० |
| ३१ | टेलिफोन नामसारी/ठाउँसारी | | ५०० |
| ३२ | संचार सम्बन्धी विभिन्न सिफारिस | | ५०० |
| ३३ | करचुक्ता सिफारिस | | ३०० |
| ३४ | पूर्जामा फोटो टाँस सिफारिस/ लालपुर्जा प्रतिलिपीका लागि सिफारिस | | ३०० |
| ३५ | फिल्ड वुक उतार | | ५०० |
| ३६ | बाटो प्रमाणित | | ५०० |
| ३७ | काठ आपुर्तिका लागि सिफारिस | | ३०० |
| ३८ | बैदेशिक प्रयोजनका लागि पूँजी मुल्याङ्कन | प्रति हजारमा | ०।७५ |
| ३९ | बैदेशिक प्रयोजनका लागि आम्दानी प्रमाणित | २० लाखसम्म प्रति लाख | १०० |
| ४० | बैदेशिक प्रयोजनका लागि आम्दानी प्रमाणित | २० लाखभन्दा माथि | १५० |
| ४१ | विपन्न सिफारिस | | |
| ४२ | शिक्षक सरूवा सहमती सरूवा भई आउनेलाई | मा.वि. | २००० |
| ४३ | शिक्षक सरूवा सहमती सरूवा भई आउनेलाई | नि.मा.वि. | १५०० |
| ४४ | शिक्षक सरूवा सहमती सरूवा भई आउनेलाई | प्रा.वि. | १००० |
| ४५ | सर्टिफिकेट ग्रेड सिट सच्चाएको | | ३०० |
| ४६ | कक्षा थप दस्तुर | मा.वि. | १२००० |
| ४७ | कक्षा थप दस्तुर | आधारभुत ६-८ | १०००० |
| ४८ | कक्षा थप दस्तुर | आधरभुत १-५ | ८००० |
| ४९ | अन्य नेपालीमा गरिने साधारण सिफारिस | | ३०० |
| ५० | अन्य अंग्रेजीमा गरिने साधारण सिफारिस | | ५०० |

| क्र.सं. | विवरण | व्याख्या | रकम |
|---|---|---|---|
| ५१ | अन्य नेपालीमा गरिने साधारण प्रमाणित सिफारिस | | ५०० |
| ५२ | मुलुकी देवानी कार्यविधि २०७४ अनुसार लिखत प्रमाणित | | २००० |
| ५३ | सहकारी दर्ता/सुचिकृत | वचत तथा ऋण | २००० |
| ५४ | सहकारी दर्ता/सुचिकृत | अन्य | ५०० |

## अनूसुची - १३

## विक्री तथा निकासी शुल्क

१. ऐनको दफा १५ उपदफा १ र २ बमोजिम बिक्री तथा निकासी शुल्क प्रदेश कानूनले तोकेबमोजिम हुनेछ।

२. ऐनको दफा १५ उपदफा ३ बमोजिम बिक्री तथा निकासी शुल्क देहाय बमोजिम हुने छ।

| क्र.सं. | उद्योगको प्रकृति | उत्पादित हुने बस्तु | इकाइ | करको दर |
|---|---|---|---|---|
| १ | क्रसर उद्योग | गिटि/रोडा/बालुवा | प्रति गाडी | ३ घ.मी. सम्म रू १८०।- ३ घ. मी. भन्दा बढी रू ७४०।- |
| | | चिप्स | प्रति गाडी | ३ घ.मी. सम्म रू २६५।- ३ घ. मी. भन्दा बढी रू १०५०।- |
| २ | इट्टा उद्योग | ईटा | प्रति गोटा | रू. ०.२५ |
| | | माटो | प्रति घ.फि. | रू.२।- |
| ३ | व्लक तथा सिमेन्ट पोल उद्योग | ब्लक | प्रति गोटा | रू. २।- |
| | | मोजाइक टायल | | रू. ०.५० |
| | | घेराबार पोल | | रू. ०.५० |
| | | घरगोठ पोल | | रू. १.५० |
| | | रिङ्ग | | रू. १०।- |
| | | विद्युत पोल | | रू. १०।- |
| ४ | ह्युम पाइप उद्योग | ह्युम पाइप | प्रति गोटा | ३० :: को रू २५।- |
| | | | | ४५ :: को रू ३५।- |
| | | | | ६० :: को रू ४५।- |
| | | | | ९० :: को रू ६०।- |

| क्र.सं. | उद्योगको प्रकृति | उत्पादित हुने बस्तु | इकाइ | करको दर |
|---|---|---|---|---|
| | | | | ९० :: भन्दा माथी रू १००।- |
| ५ | पानी प्रसोधन उद्योग | प्रशोधित पानी | बोटल/जार | १ लि. रू ०.२५ |
| | | | | प्रति जार रू.२।- |
| | | | | |

अनुसुची - १४

नक्सा पास दस्तुर

| क्र.सं. | विवरण | दर प्रति वर्ग फुट |
|---|---|---|
| १ | जमिन तला क | ८।०० |
| २ | जमिन तला ख | ७।०० |
| ३ | जमिन तला ग | ६।०० |
| ४ | पहिलो तला क | ९।०० |
| ५ | पहिलो तला ख | ८।०० |
| ६ | पहिलो तला ग | ७।०० |
| ७ | दोश्रो तला क | १०।०० |
| ८ | दोश्रो तला ख | ९।०० |
| ९ | दोश्रो तला ग | ८।०० |
| १० | सो भन्दा माथी क्रमश बढ्दै जाने छ। | |
| ११ | औधोगिक/व्यवसायिक ट्रस भवन | ८।०० |
| १२ | आवासिय ट्रस भवन/कृषी/पशु/ व्यवसायका लागि | ५।०० |
| १३ | नक्सा निवेदन किताब | रू. ५००।- |
| १४ | नक्सा नामसारी दस्तुर | रू. २५००।- |
| १५ | निर्माण सम्पन्न प्रतिलिपी दस्तुर | रू. १५००।- |
| १६ | निर्माण सम्पन्न सिफारिस जग्गामा घर भएको | रू. ५००।- |
| १७ | नक्सा पास जरिवाना स्थानीय सरकार सञ्चालन ऐन तथा निर्देशिकाले तोकिए बमोजिम हुने छ। | |
| १८ | म्याद थप दस्तुर | छ प्रतिशत |
| १९ | मापदण्ड पुरा नगरी मिति २०७९/०२/१६ गतेभन्दा अगाडि बनाइएका आर.सि.सि. घरहरुका लागि अभिलेख गर्ने म्याद २०८० पौष मसान्तसम्म थप गर्ने र नक्सा नबनाइ आएको खण्डमा नगरपालिकाबाट खटिएका प्राविधिकको स्थलगत प्रतिवेदनका आधारमा माथि तोकिएको र ाजश्व लाग्ने छ | |
| २० | नगर क्षेत्र भित्र बनेका कच्ची घर तथा टहराहरूको हकमा ५०० वर्ग फुट सम्मका घरहरूका लागि रू ५००।- १००० वर्गफुट सम्मका घरहरूका लागि रू १०००।- र १००० वर्गफुट भन्दा माथिका घरहरूका लागि रू १ ५००।- राजस्व लाग्ने छ। | |

| क्र.सं. | विवरण | दर प्रति वर्ग फुट |
|---|---|---|
| २१ | सरकारी सार्वजनिक सरोकारका सामुदायिक भवनहरूको नक्सा पास गर्ने व्यवस्थालाई अनिवार्य गराउने गरी त्यस्ता भवनहरूमा लाग्ने नक्सा पास दस्तुरको हकमा | दरखास्त दस्तुर बाहेक सवै निशुल्क |
| २२ | पीच सडकमा विना इजाजत व्यक्तिगत निर्माण सामाग्री थुपारी बाटो सागुरो पारी सवारी साधन आवागमनमा अवरोध गरेमा | पहिलो पटकका लागि २५००।- पटक पटक गरेमा दोव्वर जरिवाना लाग्ने छ। |

अनूसुची - १५

फोहोरमैला संकलन तथा व्यवस्थापन गरेबापत नगरपालिकाले जारि गर्ने प्रस्तावित शुल्क

पहिला नगरपालिकाले आफ्ना सम्पूर्ण वार्डहरूलाई निम्न तिन भागमा वर्गिकरण गर्ने अनि मात्रै तल दिए अनुसारको शुल्क निर्धारण गर्नेः

क) ग्रामिण वार्ड

ख) अर्ध-सहरी वार्ड

ग) सहरी वार्ड

| क्र.सं. | विवरण | दस्तुर रू. मा | कैफियत |
|---|---|---|---|
| क | ग्रामिण वार्ड | | |
| १ | घरधुरी | ५०।०० | कम्तिमा महिनामा दुई पल्ट घरबाटै फोहोरमैला संकलन (कुहिने छुट्टै नकुहिने छुट्टै) |
| २ | साना पसल तथा रेष्टुरेन्ट (रेस्टुरेन्ट/किराना/ठेला/पुस्तकआदि) | ५०।०० | |
| ३ | ठूला होटल/रेष्टुरेन्ट/व्यवसायिक तथा सार्वजनिक केन्द्रहरू | १००।०० | फोहोरको तौल प्रतिदिन २ कि.ग्रा. भन्दा माथि भएको खण्डमा तौल अनुरूप शुल्क निर्धारण गरिने छ। |
| ख | अर्ध-सहरी वार्ड | | |
| १ | घरधुरी | १००।०० | कम्तिमा महिनामा आठ पल्ट घरबाटै फोहोरमैला संकलन (कुहिने छुट्टै नकुहिने छुट्टै) |
| २ | साना पसल तथा रेष्टुरेन्ट (रेस्टुरेन्ट/किराना/ठेला/पुस्तकआदि) | १००।०० | |
| ३ | ठूला होटल/रेष्टुरेन्ट/व्यवसायिक तथा सार्वजनिक केन्द्रहरू | २००।०० | फोहोरको तौल प्रतिदिन २ कि.ग्रा. भन्दा माथि भएको खण्डमा तौल अनुरूप शुल्क निर्धारण गरिने छ। |
| ग | सहरी वार्ड | | |

| | | | |
|---|---|---|---|
| १ | घरधुरी | २००।०० | नियमित घर-घरबाटै फोहोरमैला संकलन (कुहिने छुट्टै नकुहिने छुट्टै) साथ साथै मुख्य सडक खण्डहरूको सरसफाई |
| २ | साना पसल तथा रेष्टुरेन्ट (रेस्टुरेन्ट/किराना/ठेला/पुस्तकआदि) | ३००।०० | फोहोरको तौल प्रतिदिन २ कि.ग्रा. भन्दा माथि भएको खण्डमा तौल अनुरूप शुल्क निर्धारण गरिने छ। |
| ३ | ठूला होटल/रेष्टुरेन्ट/व्यवसायिक तथा सार्वजनिक केन्द्रहरू | ५००।०० | फोहोरको तौल प्रतिदिन २ कि.ग्रा. भन्दा माथि भएको खण्डमा तौल अनुरूप शुल्क निर्धारण गरिने छ। |
| नोट हरेक घर तथा साना-ठूला व्यवसायीहरूले कुहिने तथा नकुहिने फोहोर अनिवार्य छुट्याउनु पर्ने एवं फोहोरमैला शुल्क लिने नियम नगरपालिकाले अवलम्बन गर्नुपर्नेछ। फोहोरमैला शुल्क हरेक वर्ष ७ प्रतिशतले वृद्दि गरिने छ। अन्य कुनै विवाद आएमा लिने दिने दुवै पक्षको आपसी सहमतिमा समस्या समाधान गरिने छ। | | | |